का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १८, अंक १२३
- १२ असार २०७७, शुक्रबार
- 26 June 2020, Friday

www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्याह्न

Madhyanha National Daily

राष्ट्रिय दैनिक

**अपडेट: बिहीबार साँझसम्म**

| | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|
| नेपालमा | ११११६२ जना | २६५० जना | १९९७३७ | ८४८६ | २६ जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | ९५ लाख ७३ हजार | ५२ लाख १० हजार | ४ लाख ८६ हजार | ३८ लाख ७६ हजार |

स्रोत : वर्ल्डोमिटर डटकम

# नजर नेपालतिर



**अध्यक्ष भनेको 'फस्ट इक्वल द अमोङ' हुन् भनेर सार्वजनिक अभिव्यक्ति दिँदै आएका पूर्व प्रधानमन्त्री एवम् बरिष्ठ नेता माधवकुमार नेपालले बुधबारको नेकपा स्थायी कमिटीमा कुर्सी अगाडि सार्नु र अध्यक्ष एवम् प्रधानमन्त्री केपी शर्मा ओलीलाई चेतावनीकै भाषामा बोल्नुलाई मुलुककै राजनीतिक मार्ग निर्देश मानक मानिएको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ असार ।

कोभिड महामारीको रोकथाम, लिम्पियाधुरा सहितको भूगोल समेटेर जारी नेपालको नयाँ राजनीतिक तथा प्रशासनिक नक्सा र अमेरिकन परियोजना मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) समकालीन राजनीतिका प्रमुख विषय हुन् । यी तिनै विषयको केन्द्रमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) छ । किनभने अहिले दुई तिहाइ नजिकको संसदीय जनमत सहित नेकपाले पाँच वर्षे स्थीर सरकार चलाइरहेको छ ।

आवश्यक पर्दा संविधान संशोधनकै संसदीय सामर्थ्य राख्ने दल नेकपाको बुधबार देखि स्थायी कमिटी बैठक शुरु भएको छ । दुई पटक स्थगित भएर अनिश्चित भएको स्थायी कमिटी बुधबार पनि बस्ने कुनै निश्चित थिएन । तर, बुधबार बिहान अध्यक्ष द्वय ओली र पुष्पकमल दाहाल प्रचण्ड, बरिष्ठ नेता माधवकुमार नेपाल र महासचिव बिष्णुप्रसाद पौडेल बीच भएको सम्वादको आधारमा बैठक शुरु भयो ।

यी चार नेताले तय गरेको अजेण्डामा स्थायी कमिटीका नेताहरुले असहमति जनाए । उक्त असहमति पछि बैठकको कार्यसूची फेरिएको छ । फेरिएको कार्यसूची अनुसार, अध्यक्ष द्वय ओली र प्रचण्डले उद्‍घाटन मन्तव्य राखे । एकअर्कालाई आरोप लगाएर दिइएको मन्तव्यको बीचमा भने नेता नेपालले शालिन विद्रोह नै जनाएका छन् ।

बैठकस्थलमा दुई अध्यक्षका लागि फरक कुर्सी राखिएको थियो भने अन्य सचिवालय नेताहरुको कुर्सी फरक थियो र पछाडि राखिएको थियो । सचिवालय बाहेकका नेताहरुको कुर्सी भने तलतिर राखिएको थियो । यसअगाडिको सचिवालयमा जसरी अध्यक्ष द्वयको कुर्सीमा रातो पर्दा राखिएको थिएन तर, फरक भने थियो ।

तर, नेता नेपाल सहितको कुर्सी ओली र प्रचण्डको भन्दा फरक साइज र स्थानमा राखिएको थियो । ओली बोलिरहँदा नेपालले आफ्नो कुर्सी कार्यालय सचिवलाई भनेर अगाडि सार्न लगाए । कुर्सी सारेपछि ओलीको बोलीमा नेता नेपालले आफ्नो अब्जेक्सन राखेका थिए । यसले स्थायी कमिटी नै तरंगित बनेको छ ।

हुन पनि अहिलेको स्थायी कमिटीको निर्णयमा नेता नेपालको भूमिकाले ठूलै अर्थ राख्ने देखिन्छ । यसअगाडि ओली र प्रचण्ड मिल्थे भने नेता नेपाल सहितका नेताहरु भूमिका विहीन हुँदै आएका थिए । जबकी, साविकको नेकपा एमालेको एउटा ठूलो हिस्साको नेतृत्व नेता नेपालले गर्छन् । तर, माघमा सम्पन्न केन्द्रीय कमिटी बैठक यता भने प्रचण्ड नेता नेपालको खेमातिर लागेका छन् । र, यो खेमामा झलनाथ खनाल, वामदेव गौतम, नारायणकाजी श्रेष्ठ छन् ।

अर्थात्, ओली अल्पमतमा छन् । उद्‍घाटन मन्तव्यमा पनि ओलीले प्रष्ट नै यो विषय राखेका छन् । गएको ८ वैशाखमा प्रधानमन्त्री ओलीले प्रचण्ड र नेता नेपालसँग समेत कुनै सल्लाह नगरी दल विभाजन सम्बन्धी अध्यादेश ल्याए पछि भने नेकपामा ओलीलाई अध्यक्ष र प्रधानमन्त्रीबाटै हटाउने तयारी भएको छ । तर, यसमा पनि नेता नेपालको पोजिसन र निर्णय महत्वपूर्ण हुने देखिन्छ । उनले लिने कठोरताले प्रधानमन्त्री ओली अप्ठ्यारोमा पर्ने मात्रै नभएर मुलुकले लिनुपर्ने समकालीन राजनीति समेत प्रभावित हुने प्रष्ट छ ।

# नभेटिएको ट्राभल हिस्ट्रीले चिन्ता

**कर्णाली प्रदेशमा पुष्टि भएका संक्रमितहरूको ट्राभल हिस्ट्री फेला पर्न नसक्दा स्वास्थ्य संस्था, समुदाय र सरकारलाई थप समस्या देखिएको छ । परीक्षण कसरी र कस-कसलाई गर्ने भन्नेमा स्वास्थ्य संस्था नै अलमलमा देखिएका छन् ।**

**मध्यान्ह संवाददाता**
सुर्खेत, ११ असार ।

सुर्खेत कालागाउँस्थित प्रदेश अस्पतालका पाँच स्वास्थ्यकर्मीमा आइतबार कोरोना संक्रमण देखियो । आकस्मिक कक्षमा उपचार गराइरहेका तीन जना बिरामीमा कोरोना पोजेटिभ देखिएपछि उपचारमा प्रत्यक्ष संलग्न तथा उनीहरूको नजिक रहेर काम गरिरहेका ४२ जना स्वास्थ्यकर्मीलाई क्वारेन्टिनमा राखियो ।

पिसिआर परीक्षणबाट तीमध्ये पाँच जनामा सङ्क्रमण पुष्टि भयो । दैलेखका दुई तथा सुर्खेतका एक गरी तीन जना बिरामी भारतबाट आएका पनि होइनन्, अर्थात् कुनै 'ट्राभल हिस्ट्री' नभएका अन्य रोगका बिरामीमा कोरोना पोजेटिभ देखिनु र उपचारमा संलग्न स्वास्थ्यकर्मीसम्म विस्तार हुनुले कर्णालीमा कोरोना सङ्क्रमण समुदायस्तरमै फैलिसकेको पुष्टि हुन्छ ।

कर्णालीमा एकैपटक यति धेरै सङ्ख्यामा स्वास्थ्यकर्मीलाई कोरोना सङ्क्रमण देखिएको यो पहिलोपटक हो । यसअघि 'ट्राभल हिस्ट्री' नभएका पश्चिम सुर्खेत घर भएका एक विद्यार्थीमा पनि कोरोना सङ्क्रमण देखियो ।

उनी दुई साता प्रदेश अस्पतालको आइसोलेसनमा बसेका थिए । कोरोना निको भएपछि उनी फर्किसकेका छन् । समुदायमा कोरोना भाइरसको सङ्क्रमण फैलिएको उदाहरण यतिमै सीमित छैन । डोल्पाको जगदुल्ला गाउँपालिकाका ५८ वर्षीय पुरुषको कोरोना भाइरस सङक्रमणका कारण मृत्यु भयो । उनी न भारतबाट आएका थिए, भारतबाट फर्किएका व्यक्तिको प्रत्यक्ष सम्पर्कमा नै गएका थिए । समुदायमै बसिरहेका व्यक्तिमा धमाधम कोरोना सङ्क्रमण देखिन थालेपछि कर्णालीमा त्रास बढेको छ ।



*पाल्पाको रामपुर नगरपालिका क्षेत्रमा टोलटोलमै पढाउन थालिएको छ । कोभिड-१९ को संक्रमण फैलिँदै गएपछि विद्यालय बन्द गरिएको छ ।*
*-तस्वीरः पवित्रा घिमिरे, रासस*

आइतबार प्रदेश अस्पतालमै उपचार गर्न आएका दैलेखका एक बालकमा पनि कोरोना सङ्क्रमण देखियो । पेट दुखेपछि ती बालकलाई अस्पताल ल्याइएको थियो । एपेन्डिसाइडको शल्यक्रिया भयो । उनका बुबा भारतबाट आएर क्वारेन्टिनमा बसेको थाहा पाएपछि अस्पतालले छोरासँगै बाबुआमाको पनि कोरोना परीक्षण गऱ्यो ।

परीक्षणबाट तीनै जनामा कोरोना सङ्क्रमण देखियो । भारतबाट फर्किएका ती व्यक्तिकै कारण उनका श्रीमती र छोरा पनि सङ्क्रमित हुन पुगे । हाल उनीहरुको प्रदेश अस्पतालको कोरोना विशेष अस्पतालमा उपचार भइरहेको छ ।

चिकित्सक क्वारेन्टिन व्यवस्थित गर्न नसक्दा कोरोना समुदायस्तरमा पुगिसकेको बताउँछन् । भारतबाट आएकालाई सुरक्षित तवरले क्वारेन्टिनमा व्यवस्थापन गर्न नसक्नु, पिसिआर परीक्षण नहुँदै घर पठाइनु, होम क्वारेन्टिनको व्यावहारिक प्रयोग नहुनुजस्ता कारणले सङ्क्रमण दोस्रो-तेस्रो चरणमा पुगेको हो । प्रदेश अस्पताल सुर्खेतका विशेषज्ञ चिकित्सक डा नवराज केसीले कोरोना नियन्त्रणमा लापर्वाही हुँदा समुदायमा फैलिन पुगेको बताउनुभयो । १४ दिन क्वारेन्टिनमा राखेर पिसिआर परीक्षणबिनै घर पठाउँदा परिवारका सदस्यलाई सङ्क्रमण सरेको 'केस'हरु थुप्रै आउने गरेको उहाँको भनाइ छ ।

भारत सरकारले बन्दाबन्दी (लकडाउन) कै बीच जेठ १ गतेदेखि रेल तथा बस सेवा सञ्चालन गऱ्यो । जसले गर्दा रोजगारीका क्रममा ठूलो सङ्ख्यामा त्यहाँ रहेका कर्णालीवासी विभिन्न नाका हुँदै फर्किन थाले । प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालयको तथ्याङ्कअनुसार यस अवधिमा ४१ हजार बढी कर्णालीवासी भारतबाट फर्किसकेका छन् । भारतबाट फर्किनेको सङ्ख्या बढेसँगै समुदायस्तरमा पनि सङ्क्रमितको सङ्ख्या बढ्दैछ ।

बाँकी पृष्ठ २ मा

### उजुरीसम्बन्धी विभागको सूचनाप्रति व्यवसायीहरुको आपत्ति

# उजुरीको सूचनाबाट व्यवसायी आत्तिनु पर्दैन : महानिर्देशक

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ असार

वैदेशिक रोजगार विभागका महानिर्देशक कुमार दाहालले उजुरी सुन्ने विभागको नियमित काम भएको भन्दै त्यससम्बन्धी सार्वजनिक सूचनालाई अन्यथा रुपमा लिन नहुने बताएका छन् । विभागले वैदेशिक रोजगारसँग सम्बन्धित उजुरी, गुनासोलगायतका केही कुरा बुझ्न आवश्यक भए शुल्क नलाग्ने दुई ओटा ल्याण्डलाईन टेलिफोन र दुईओटा मोबाइल नम्बर सार्वजनिक गरेपछि नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनमा आवद्ध व्यवसायीहरुको एक टोली त्यसबारेमा बुझ्न बिहीबार विभाग पुगेको थियो ।

एसोसिएसनमा आवद्ध व्यवसायीहरुले कोरोना संक्रमणका कारण रोजगारी गुमाएर घर फर्किने कामदारहरुले पहिले जस्तो क्षतिपूर्तिको माग गर्दै विभागमा उजुरी दिने अवस्था हुन नहुने भनाइ राखेका थिए । उक्त भनाइ सुनेपछि महानिर्देशक दाहालले वैदेशिक रोजगार ऐनको दफा ३५ लगायतका दफाहरुमा उजुरी लिने र प्रमाणको आधारमा छानविन गर्ने व्यवस्था रहेको भन्दै विभागले सार्वजनिक गरेको सामान्य सूचनाका आधारमा व्यवसायीहरु आत्तिन नहुने धारणा राखेका थिए । महानिर्देशक दाहालले कोरोना भाइरस संक्रमणअघि कामदारले पाउनुपर्ने तलवलगायतका सुविधा नपाएको देखिएमा उजुरी लिई कानून अनुसार छानविन गर्न विभागलाई कुनै वाधा नरहेको बताउँदै आएका छन् ।

ऐनको उक्त दफामा रोजगारदाता संस्थाले करारको दायित्व पूरा नगरेको वा ईजाजतपत्रवालाले करारमा उल्लेखित शर्त पूरा गराउने आवश्यक र उपयुक्त कारबाही नगरेको सम्वन्धमा कामदारको उजुरी परेमा विभागले आवश्यक जाँचबुझ गराई कामदारलाई स्वदेश फिर्ता गराउनुपर्ने भएमा त्यसका लागि चाहिने आवश्यक रकम उपलब्ध गराउन ईजाजतवालालाई आदेश दिने र आदेश अनुसार रकम उपलब्ध नगाराए ईजाजतपत्रवालाको धरौटी रकमबाट कट्टा गर्नेदेखि करार अनुसारको काम र तलव नपाए कामदार वैदेशिक रोजगारमा जान लागेको सम्पूर्ण खर्चको क्षतिपूर्ति म्यानपावर कम्पनीबाट भराइदिन सक्ने व्यवस्था रहेको छ ।

एसोसिएसनका अध्यक्ष नरेन्द्रप्रसाद ढकालले नेपाल वैदेशिक रोजगार व्यवसायी संघ र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय तथा विभागबीच कोरोना संक्रमणका कारण विदेशबाट फर्किएका कामदारहरुको उजुरी लिने विषयमा कार्यविधि बनाउने पहल भइरहेको अवस्थामा विभागले सूचना प्रकाशित गर्नु आवश्यक नभएको भनाइ राखेको मध्यान्ह राष्ट्रिय दैनिकलाई जानकारी दिए ।

अध्यक्ष ढकालको नेतृत्वमा विभाग गएको टोलीमा एसोसिएसनका वरिष्ठ उपाध्यक्ष तारानाथ अर्याल, महासचिव भवानी निरौला, सचिव कमल काफ्ले लगायतका व्यवसायीहरु सहभागी रहेका थिए ।

लामो लकडाउनपछि विभाग गत असार १ गतेदेखि खुला भएको छ । त्यसपछि वैदेशिक रोजगार ठगी सम्बन्धमा संस्थागत तथा व्यक्तिगत उजुरी दर्ता हुन थालेका छन् । लकडाउनका बेला विभिन्न जिल्लामा परेका वैदेशिक रोजगार ठगीका केही उजुरी पनि विभाग आइपुगेका छन् ।

बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## उद्धार तीव्र

काठमाडौं/मस- कोरोना भाइरसका कारण विदेशमा अलपत्र नेपाली कामदारसहित अन्यलाई उद्धार गर्ने क्रमले तीव्रता पाएको छ । बिहीबार विभिन्न देशबाट ७ वटा उडानमार्फत १ हजार १ सय ८३ जना नेपाली आइपुगेका छन् । विदेशमा रहेका कामदार ल्याउनकै लागि शुक्रबार १० वटा अन्तर्राष्ट्रिय उडान हुने त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलले जनाएको छ ।

विदेशी जहाजसहित नेपाल एयरलाइन्स र हिमालय एयरलाइन्सका जहाजले उडान भरिरहेका छन् । शुक्रबार नेपाल एयरलाइन्सका दुई जहाज बहराइन र हिमालय एयरलाइन्स मलेसियाको क्वालालम्पुर जाने तय भएको छ । बिहीबार हिमालयन एयरलाइन्सको उडानमार्फत कतारको दोहाबाट १ सय ५६ जना, कतार एयरवेजमार्फत १४७ जना, नेपाल एयरलाइन्समार्फत कुवेतबाट १४९ जना, जजिरा एयरमार्फत १४६ जना नेपाली स्वदेश फर्किएका छन् । त्यस्तै यूएईको आबुधाबीबाट १५४ जना, दुबईबाट १८९ जना र जापानको नारिताबाट २४२ जना आएका छन् ।

# एकै दिन दुई जनाको मृत्यु

### ■बिहीबार ४३४ संक्रमित थपिए, संक्रमित संख्या एघार हजार नाघ्यो

**गएको २४ घण्टामा दुई जनाको मृत्यु भएको छ भने ४३४ जना संक्रमित थपिएका छन् । यो सँगै संक्रमित संख्या एघार हजार नाघेको छ ।**



*बुद्ध एयरले कोभिड १९ को कारण बन्दबन्दीको अवस्थापछि आगामी दिनमा हवाइ उडान खुलेसँगै कोभिड १९ बाट कसरी जोगिएर यात्रा गर्न सकिन्छ भन्नेबारे बिहीबार गरिएको पूर्वाभ्यास । तस्वीरः रासस*

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ असार ।

कोभिड-१९ को महामारीबाट गएको २४ घण्टाभित्रै दुई जनाको मृत्यु भएको छ । कास्की र ललितपुरमा संक्रमितको मृत्यु भएको हो । पोखरा स्वास्थ्य प्रतिष्ठान, पश्चिमाञ्चल क्षेत्रीय अस्पतालको आईसीयूमा उपचाररत ५५ वर्षीय पुरुषको मृत्यु भएको छ ।

ती संक्रमितको बुधबार राति ११:३५ बजे मृत्यु भएको अस्पतालका सहप्रध्यापक डा.अर्जुन आचार्यले बताए । ती संक्रमित असार ८ गते अस्पताल भर्ना भएका थिए । स्वास्थ्य बिग्रदै गएपछि उनलाई भेन्टिलेटरमा राखिएको थियो । डायबिटिजका पीडित ती पुरुष पोखरामा मृत्य हुने दोस्रो पुरुष हुन् । यसअघि स्याङ्जाका ५८ वर्षीय पुरुषकै मृत्यु भएको थियो ।

बिहीबार ललितपुरमा ५० वर्षीय अर्को पुरुषको मृत्यु भएको छ । पाटन अस्पतालमा उपचाररत ती संक्रमितको बिहीबार बिहान ७ बजे मृत्यु भएको हो । चितवनका ती संक्रमित ललितपुरको महालक्ष्मीस्थान बस्दै आएका थिए । पाँच महिना अगाडि मात्रै मिर्गौला प्रत्यारोपण गरिएका ती संक्रमितलाई पाटन अस्पतालको आइसोलेसन सेन्टरमा उपचार गराइदै आएको थियो । बिहीबार थपिएको सँगै नेपालमा मृत्यु हुनेको संख्या २६ पुगेको छ ।

बाँकी पृष्ठ २ मा

# काठमाडौंलाई सुशासनयुक्त र अपराधमुक्त बनाउने दाबी

**काठमाडौं/मस–** काठमाडौंका प्रमुख जिल्ला अधिकारी जनकराज दाहालले राजधानीलाई सुशासनयुक्त र अपराधमुक्त बनाउने अभियानका साथ आफूहरु खटिइरहेको बताएका छन् । तराई विकास तथा सञ्चार केन्द्र नेपालले बुधवार राजधानीमा आयोजना गरेको एक अन्तरक्रिया कार्यक्रममा बोल्दै प्रजिअ दाहालले उक्त कुरा बताएका हुन् ।

पछिल्लो समय विश्वसँगै नेपाल पनि कोरोना भाइरस (कोभिड-१९) का कारण संकटमा रहेकाले आफूहरुमा लकडाउनलाई प्रभावकारी बनाउनुपर्ने र सर्वसाधारणको जनजीवनलाईसमेत सहजीकरण गर्नुपर्ने चुनौतीपूर्ण अवस्था रहेकाले त्यसतर्फ केन्द्रित भई दिनरात खटिई सेवा प्रवाह गरिरहेको जानकारी दिँदै प्रजिअ दाहालले कोरोना संक्रमण फैलिन नदिनका सरकारले लामो समय लकडाउन गरेको भएपनि पछिल्लो समय संसारको अभ्यासअनुसार सामाजिक दुरी कायम गर्दा सबैभन्दा सुरक्षित रहन सकिने भएकोले सामाजिक दुरी कायम राख्दै आफैं सुरक्षित बन्न आग्रह गरे ।

उनले कोरोना भाइरसका कारण विश्वका विभिन्न मुलुकमा रहेका नेपालीहरु उद्दार गर्ने कार्य जारी रहेको र नेपाल भित्रिइसकेकाहरुलाई होल्डिङ्ग सेन्टर र क्वारेन्टाइनमा राखिएको जानकारी गराउँदै लकडाउनको समयमा कुनै पनि अत्यावश्यक सामग्रीहरुको व्यवस्थापन गर्न सफल भएको दावी गरे । 'लकडाउनमा आपूर्ति व्यवस्थापन सहज बनाउँदा उपभोक्तामा कुनै समस्या देखिएन यो हाम्रो सफलता हो' प्रजिअ दाहालले दावी गरे ।

दाहालले लकडाउनको समयमा कालाबजारीजस्ता घटना घट्न नपाएको दाबी गर्दै लकडाउनको समयमा थर्मल गनको कालाबजारी गर्ने ठुला व्यापारी र ठुलो परिमाण अर्थात २० लाख अवैध मास्क बरामद गरेपछि झिना मसिना कालाबजारीहरुले कालाबजारी गर्ने हिम्मत नगरेको हुँदा कालाबजारीका घटना अत्यन्त



कम भएको बताए ।

लकडाउनको समयमा जिल्ला प्रशासन कार्यालयबाट उपलब्ध गराइएको सवारी पासकोसमेत दुरुपयोग भइरहेको, कालाबजारियाहरुले संकटमा नाफा कमाउन पल्केका कारण प्रशासन यन्त्र पनि कहिलेकाँही विवादमा परेको र आफूहरुको कमी कमजोरी भए त्यसलाई स्वच्छ ढँगले आलोचना गरिदिन आग्रह गर्दै गल्ती कमजोरीलाई सच्याइने बकाए । प्रजिअ दाहालले लकडाउनमा पासको दुरुपयोग गर्ने गरेको पाइएमा त्यस्ता बद्मासहरुलाई पाता फर्काउने कार्यसमेत गरिरहेका बताए ।

कार्यक्रममा वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभागका महानिर्देशक नेत्र प्रसाद सुवेदीले लकडाउनको समयमा अफिस सञ्चालन र बजार अनुगमनको कार्यलाई जारी राखेको कारण लकडाउनमा कालाबजारीका घटनामा न्यून भएको दाबी गरे । उनले लकडाउनको समयमा समेत २ सय २५ वटा फर्ममा र गत साउनदेखि यता अर्थात चालु आर्थिक वर्षमा १हजार ८२३ वटा फर्ममा अनुगमन गरेको बताउँदै विभाग उपभोक्ताको हित संरक्षणमा अहोरात्र खटिरहेको प्रष्ट पारे ।

कोभिड १९ को कारण मुलुक संकटकालिन अवस्थामा रहेको मौका छोपेर कालाबजारी गर्नेहरुलाई तत्काल एक्सनमा गएर कारबाहीलाई अगाडि बढाइएको भन्दै महानिर्देशक सुवेदीले लकडाउनमा मात्र १ करोड ३१ लाख रुपैंया जरिवाना गरि राजस्व संकलन गरेको जानकारी दिए । विभागले कालाबजारी गर्नेहरुलाई २ देखि ३ लाखका दरले जरिवाना गर्दा चालु आर्थिक वर्षमा मात्र ३ करोड ३४ लाख जरिवाना बराबरको राजश्व रकम संकलन भएको बताउँदै महानिर्देशक सुवेदीले शंकाको घेरामा रहेकाहरुलाई कागजातसहित अफिसमै बोलाएर सोधपुछ गर्ने, बजार निरीक्षणमा प्रतिनिधिहरुलाई तालिम दिने, विहान ८ बजेदेखि नै कार्यालय खोलेर सहजीकरण गर्ने, उपभोक्ता दुत नियुक्त गरी उपभोक्ताको हित प्रवर्द्धन गर्ने लगायतका कार्यहरु विभागले गरिरहेको जानकारी दिए ।

त्यसैगरी कार्यक्रममा ट्राफिक प्रहरी महाशाखाका प्रमुख भीम प्रसाद ढकालले उपभोक्ताको हित प्रवर्द्धनमा सरकारले दिएको म्यान्डेट अनुसार आफूहरु सक्रिय भएको जानकारी गराउँदै मुलुक कोरोना भाइरस (कोभिड १९) का कारण संकटमा रहँकै अवस्थामा सम्पूर्ण नागरिकहरुलाई सचेत बनाउने र उपभोक्ताहरुको सुरक्षालाई समेत ध्यानमा पुऱ्याउँदै अगाडि बढेको जानकारी दिए ।

राजधानीमा हाल १४ सय ४५ जना ट्राफिक प्रहरी रहेको र उनीहरु रात दिन खटिएर कोरोना भाइरससम्बन्धि सचेतनासँगै सडक सुरक्षामा जुटेको उल्लेख गर्दै ट्राफिक महाशाखा प्रमुख ढकालले लकडाउनको अवधिमा ६७ हजार र पासको दुरुपयोग गर्ने ३४ हजार सवारी साधनलाई कारबाही गरेको बताए ।

यस्तै उपत्यका अपराध महाशाखाका प्रमुख दिपक थापाले अपराध नियन्त्रणका लागि सबैको सुझावबाट योजना बनाएर अगाडि बढेको बताए । लकडाउनमा नक्कली सेनिटाइजरलगायत कस्मेटिक सामानहरु बरामद गरेको जानकारी दिदै थापाले पछिल्लो समय साइबर क्राइम बढेको प्रसङ्गमा फेसबुक , इमो, ह्वाटसप लगायतका सामाजिक सञ्जालमा सुरक्षा व्यवस्थापन गर्न नसक्दा विभिन्न चरित्र हत्यादेखि ठगी धन्दाहरु फस्टाइरहेको बताए । 'लकडाउनका कारण सबै क्षेत्रमा आर्थिक संकट आएकोले अब झन् ठगी, बाउन्स चेक, चोरी, लुटपाट, अपहरण र फिरौतीलगायतका घटनाहरु बढ्न सक्ने एसएसपी थापाको संकेत थियो ।

उपभोक्ताकर्मी तथा उपभोक्ता संघका केन्द्रीय अध्यक्ष प्रेमलाल महर्जनले आपसमा भौतिक दुरी कायम नगरेका कारण कोरोना संक्रमणको जोखिम बढ्न थालेको बताए । लकडाउनको समयमा निलो नम्वर प्लेट भएको गाडीमा चढेर कालाबजारी गरेकाले उनीहरुलाई धरौटीमा रिहा गर्ने मात्र होइन कालाबजारी ऐन अनुसार कारबाही गर्नुपर्ने महर्जनको जिकिर थियो । यतिबेला कालाबजारीहरुले टाउको उठाउन थालेका कारण लकडाउन खुकुलो भएपछि मूल्य आकाशिने निश्चित भएको भन्दै उनले त्यसतर्फ सरोकारवाला निकायहरुलाई ध्यानाकर्षण गराए ।

त्यसैगरी कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य गोविन्द चौलागाईंल, राजधानी दैनिकका सम्पादक सागर पण्डित, युवा नेता पर्शुराम बस्नेतलगायतले आ-आफ्ना धारणा राखेका थिए ।

# 'चीनसँग नेपालको सीमा विवाद छैन'




**काठमाडौं/मस–** सरकारले चीनसँग नेपालको सीमा विवाद नरहेको प्रष्ट पारेको छ । परराष्ट्र मन्त्रालयले आज एक विज्ञप्ति प्रकाशित गर्दै चीनसँग सीमा विवाद नभएको स्पष्ट पारेको हो । कृषि तथा पशुपक्षी विकास मन्त्रालयको एक रिपोर्टका आधारमा सञ्चारमाध्यममा सीमा विवाद सम्वन्धी समाचार आएपनि त्यसमा सत्यता नरहेको परराष्ट्रको भनाइ छ ।

चीनले नेपालको उत्तरी सिमामा कैयौं हेक्टर भुभाग अतिक्रमण गरेको समाचार सार्वजनिक भएपछि परराष्ट्रले त्यसको खण्डन गरेको हो । कृषि मन्त्रालयको भनेर प्रकाशित प्रतिवेदन अस्तित्वमा नै नरहेको पनि परराष्ट्रले जनाएको छ । कृषि मन्त्रालयले सीमासम्बन्धी विषय आफ्नो क्षेत्राधिकारमा नपर्ने पनि उल्लेख गरेको विज्ञप्तिमा उल्लेख छ ।

त्यस्तै हराएको भनिएको ३७ र ३८ नम्बरको सीमा स्तम्भ राख्दै नराखिएको पनि परराष्ट्र मन्त्रालयले बताएको छ । प्राकृतिक कारणले दुई देशबीचकै सहमतिमा ती स्तम्भ नराखिएको विज्ञप्तिमा उल्लेख छ । नेपाल र चीनबीचको सीमा सन् १९६१ अक्टोबर ५ मा दुई देशबीच भएको सीमा सम्झौताले निर्धारण गरेबमोजिम रहेको परराष्ट्रले स्पष्ट पारेको छ ।

'समाचारमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयको प्रतिवेदनलाई आधार बनाइएको भनिएको छ। उक्त मन्त्रालयले त्यस्तो कुनै प्रतिवेदन नै अस्तित्वमा नरहेको बताएको छ र सीमाको विषय उक्त मन्त्रालयको क्षेत्राधिकारमा पनि पर्दैन,' मन्त्रालयले भनेको छ, '३७ र ३८ नम्बरका सीमा पिलर हराएको भन्ने पनि आएको छ। तर ती पिलर प्राकृतिक कारणले दुबै देशको सहमतिमा राख्दै राखिएको थिएन ।'

यदि दुई देशबीच कुनै समस्या देखिए सरकारले सम्बन्धित अधिकारीहरूसँग वार्ता गरेर समाधान निकाल्ने मन्त्रालयको भनाइ छ । 'दुई मित्रवत् छिमेकीको सम्बन्धलाई असर पार्ने यस्ता संवेदनशील विषयमा समाचार लेख्नुअघि सम्बन्धित अधिकारीहरूसँग पुष्टि गर्न मन्त्रालय अनुरोध गर्दछ,' विज्ञप्तिमा भनिएको छ ।

कृषि मन्त्रालयले बिहीबार नै विज्ञप्ति जारी गरी नेपाल र चीनबीच सीमा विवाद भनी उल्लेख गरिएको समाचारमा आधार बनाइएको प्रतिवेदन मन्त्रालयबाट प्रकाशित नै नभएको बताएको छ । 'उक्त समाचारको आधार बनाइएको प्रतिवेदन यस मन्त्रालयबाट प्रकाशित नै नभएको र सोसम्बन्धी विषय मन्त्रालयको कार्य क्षेत्रसमेत नभएकाले उक्त समाचारमा कुनै सत्यता नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ' सचिव राजेन्द्रप्रसाद भारीले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।


मेचीनगर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

ईटाभट्टा, झापा

**ढुङ्गा लिलाम बिक्री सम्बन्धी सूचना**

**सूचना प्रकाशित मिति :- २०७७।०३।११**

यस मेचीनगर नगरपालिका नगरकार्यपालिकाको कार्यालयको मिति २०७७/०२/२८ गतेको निर्णय अनुसार मेचीनगर १ स्थित तिरिङ्ग पाटापुरमा रहेको ७६१५ घन मिटर ढुङ्गा लिलाम बिकि गर्नुपर्ने भएको हुँदा तपशिल अनुसारको शर्त बन्देज भित्र रहि ढुङ्गा लिन इच्छुक व्यक्ति/फर्म वा कम्पनिले यो सूचना प्रकाशन भएको मितिले २१ औं दिन दिनको १२:०० बजे भित्रमा दरभाउपत्र दाखिला गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल:-**

१) फर्म वा कम्पनिले दरभाउपत्र पेश गरेमा दरभाउ पत्र साथ आ.व. २०७५/०७६ को करचुक्ता प्रमाण पत्र, मु.अ.कर दर्ता प्रमाण पत्र संलग्न राखि शिलबन्दि दरभाउ पत्र पेश गर्नुपर्ने छ ।
२) व्यक्तिले दरभाउपत्र पेश गरेमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी पेश नर्गुपर्ने छ ।
३) आफूले कबोल गरेको कबोल अंकको ५ प्रतिशतले हुने रकम यस कार्यालयको ने.बि.लि. काँकरभिटा स्थित धरौटी खाता नं.१०६०३००००३००००००००१ मा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्ने छ ।
४) दरभाउ पत्र फारम नगरपालिकाको राजश्व शाखाबाट रु.१०००/-(फिर्ता नहुने गरी)तिरी खरिद गर्न सकिनेछ ।
५) दरभाउ पत्र सूचना प्रकाशन भएको मितिले २१ औं दिन १२:०० बजे भित्रमा नगरपालिका कार्यालयमा दाखिला गरी सक्नुपर्ने छ ।
६) पेश हुन आएका दरभाउ पत्र सोहि दिन दिनको १:०० बजे खोलिनेछ ।
७) उक्त ढुङ्गाको न्यूनतम मूल्य रु.१६,१३,७७०।०० मु.अ.कर बाहेक रहेको छ, सो भन्दा घटी मुल्य स्विकार गरिने छैन ।
८) सम्झौता गर्न आउदा मु.अ.कर बापतको १३ प्रतिशत र अग्रिम आयकर बापतको १.५ प्रतिशतले हुने रकम आन्तरिक राजश्व कार्यालयमा दाखिला गरेको भौचर लिई आउनुपर्नेछ ।
९) लिलाम भएको ढुङ्गा मेचीनगर १ तिरिङ्ग पाटापुर बाटै सम्झौता भएको मिति बाट ७ (सात) दिन भित्रमा उठाईसक्नु पर्नेछ ।
१०) यो सूचनामा नपरेका अन्य कुराहरु कार्यालयको निर्णय अनुसार हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**


## नभेटिएको ....

सामाजिक विकास मन्त्रालयको स्वास्थ्य सेवा महाशाखाले प्रदेशमा समुदायका २२ जनामा सङ्क्रमण पुष्टि भएको जनाएको छ । सङ्क्रमण दोस्रो चरणमा पुगे पनि लकडाउन खुकुलो भएसँगै सावधानी अपनाउन छाडिएको छ। जसले गर्दा कोरोना भुसको आगोझैँ फैलिन सक्ने स्थानीयको चिन्ता छ। "केही समयअघि क्वारेन्टिनमा सीमित कोरोना सङ्क्रमणका बिरामी अहिले धमाधम समुदायमा पनि भेटिँदैछन्, स्वास्थ्यकर्मी र सुरक्षाकर्मीसमेत अछुतो रहेनन्" प्रदेश अस्पताल व्यवस्थापन समितिका पूर्वअध्यक्ष नारायण सापकोटाले भने, "विशेष गरी प्रदेश सरकार र स्थानीय तहले समयमै कोरोना समुदायमा फैलिन नदिन विभिन्न उपाय अपनाउनुपर्छ, अझै लापर्वाही गर्ने हो भने अवस्था भयावह हुने सम्भावना देखिएको छ ।" प्रदेश अस्पतालका कोभिड १९ फोकल पर्सन डाक्टर केएन पौडेलले अन्य बिरामीमा पनि कोरोना सङ्क्रमण देखिन थालेपछि उपचारमा समस्या आएको बताए । उनले भने, "कोरोना भाइरस समुदायमा पुगेकाले थप जोखिम निम्तिएको छ, अहिले समुदायमा सङ्क्रमण शुरुआती चरणमा छ, कसैलाई पनि लक्षण देखिएको छैन, पहिलेको तुलनामा अझ धेरै सावधानी अपनाउनुपर्ने बेला आएको छ ।"

कर्णालीमा हालसम्म आशंकितबाहेक समुदायस्तरमा कोरोना परीक्षण भएको छैन । सङ्क्रमणमुक्त नहुँदै घर पठाइने र समुदायमा शङ्कास्पद व्यक्तिको स्वाब परीक्षण नगर्ने हो भने अवस्था थप जटिल बन्दै जाने खतरा देखिएको छ ।

प्रदेश स्वास्थ्य सेवा महाशाखाका वरिष्ठ जनस्वास्थ्य अधिकृत बिर्खबहादुर शाहीले समुदायमा केसको आधारमा 'कन्ट्र्याक ट्रेसिङ' गर्ने काम भइरहेको बताए । उनका अनुसार हालसम्म समुदायमा सङ्क्रमण देखिनेमा जनप्रतिनिधि, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र सर्वसाधारण छन् ।

जुम्लामा चार तथा जाजरकोटमा एक जना गरी पाँच प्रहरीमा सङ्क्रमण पुष्टि भइसकेको छ । कर्णालीमा कोरोना सङ्क्रमण दोस्रोरतेस्रो चरणमा प्रवेश गरेपछि सर्वसाधारण तथा कार्यक्षेत्रमा खटिने स्वास्थ्यकर्मी र सुरक्षाकर्मीमा त्रास छाएको छ । प्रदेशमा बुधबारसम्म एक हजार ३०७ जनामा कोरोना सङ्क्रमण देखिएको छ भने पाँच जनाको मृत्यु भइसकेको छ । ५६० जना सङ्क्रमणमुक्त भई डिस्चार्ज भइसकेका छन् ।

## उजुरीसम्बन्धी...

विभागले उजुरी वा गुनासो सम्बन्धमा केही कुरा बुझ्न आवश्यक ठान्नेहरुले विभागको टोल फ्रि. नं १६६००१० ९९९९/०१४७८२६२१ र मोबाइल नम्वर ९८४६१५८२५२७ (संगिता थापा) र ९८१८४७६३६९ (सुशिला राना) मा सम्पर्क गर्न भनेको छ । महानिर्देशक दाहालले कल सेन्टरमा काम गर्ने कर्मचारीहरु सार्वजनिक यातायातका साधन सञ्चालन हुन नसकेका कारण दैनिक कार्यालय आउन नसेककाले उनीहरुले पहिलेदेखि उजुरी र गुनासा टिप्न प्रयोग गरेका मोबाइल नम्बर राखिएको भन्दै त्यसलाई नयाँ घटनाका रुपमा लिन आवश्यक नरहेको बताए ।

## एकै ...

संक्रमित हुनेको संख्या पनि बिहीबार ठूलै संख्यामा बढेको छ । बिहीबार ४३४ जनामा संक्रमण देखिएपछि नेपालमा संक्रमित संख्या एघार हजार १६२ पुगेको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार, देशभरका २४ वटा प्रयोगशाला मार्फत् एक लाख ९९ हजार ७३७ जनाको पीसीआर प्रणालीबाट परीक्षण गरिएको छ भने दुई लाख ८७ हजार ८६३ जनाको आरडीटी प्रणालीबाट परीक्षण गरिएको छ । मन्त्रालयले जनाएअनुसार, अझै ७४ हजार २२ जना क्वारेन्टिन र आठ हजार ४८६ जना आइसोलेसनमा छन् । यिनीहरु सरकारले परीक्षण गराउने प्राथमिकतामा छन् । अहिलेसम्म दुई हजार ६५० जना निको भएर घर फर्किएका छन् ।

चिन्ता चिकित्सकको

सांसदहरुले कोरोना महामारीको समयमा अग्रपंक्तिमा खटिएका स्वास्थ्यकर्मीमाथि भइरहेका कुटपिट र दुर्व्यवहारलाई तत्काल रोक्न सरकारसँग माग गरेका छन् ।

राष्ट्रियसभाको बिहीबारको बैठकको विशेष समयमा सांसदहरुले त्यस्ता गलत कामले रोग सङ्क्रमण बढ्ने र नकारात्मक सन्देश जानेतर्फ सचेत रहन आग्रह गरे । सांसदहरुले स्वास्थ्यकर्मीको सुरक्षाको पूर्ण प्रत्याभूति दिन जोड दिए ।

जनता समाजवादी पार्टीका मृगेन्द्रकुमारसिंह यादवले काठमाडौं, धरान, पर्सा, रौतहटमा, डोटी, बाजुरालगायत स्थानमा स्वास्थ्यकर्मीमाथि आक्रमण भएको उल्लेख गर्दै उनीहरुको उत्साहलाई निराशामा परिणत गर्ने काम कोही कसैले गर्न नहुने बताए ।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का चक्रप्रसाद स्नेहीले कोभिड-१९ सङ्क्रमण रोक्न अहोरात्र खटिएका स्वास्थ्यकर्मीमाथि भएको घटनाको निन्दा गर्दै सुरक्षाको प्रत्याभूति दिलाउन सरकारसँग माग गरे । बन्दाबन्दीको समयमा अर्थतन्त्रमा पारेको नकारात्मक असरको आवश्यक सम्बोधन गर्नुपर्ने उनले आवश्यकता औंल्याए ।


**Amargadhi Municipality**

**Office Of Municipal Executive**

**Tufandada, Dadeldhura, Nepal**

**INVITATION FOR BIDS (IFB)**

DATE OF PUBLICATION: - 2077-03-12 BS (2020-06-26 AD)

Amargadhi Municipality, Dadeldhura invites electronic bids from all eligible Neplese bidders for following works/goods under National Competitive Bidding. Some of the qualification criteria are mentioned below, through details are in the bidding document.

| S. N. | Contract No/Bid No | Description of Works | Bidding Procedure | Estimated Amount (Ex. VAT & PS) | Bid Security Amount (NRs) | Bid Document Price (NRs) | Estimated Amount (Ex. VAT & PS) |
|---|---|---|---|---|---|---|---|
| 1 | AM/DDL/WORKS/NCB/17-076/77 | Bhimdatta Aadarsa Basti Infrastructure Works, Ward no 2 | Single Envelope | 6551888.75 | 190000.00 | 3,000/- | 2020-07-26 (2077-04-11) 12:00 Hours |
| 2 | AM/DDL/WORKS/NCB/18-076/77 | Kaseko Takuri Infrastructure Works, Ward no 7 | Single Envelope | 5739866.67 | 163000.00 | 3,000/- | 2020-07-26 (2077-04-11) 12:00 Hours |
| 3 | AM/DDL/GOODS/NCB/08-076/77 | Supplying & Delivery Of Bus, Amargadhi Municipality | Single Envelope | 3185840.71 | 95000.00 | 3,000/- | 2020-07-26 (2077-04-11) 12:00 Hours |

Name of the Bank: Rastiya Banijya Bank Ltd, Branch office, Dadeldhura, Name of Office: ***Amargadhi Municipality, Dadeldhura***
Office Account no.: 40200301010002 (Bid doc. fee account no.)

1. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Amargadhi Municipality, Dadeldhura*** or may visit ***www.bolpatra.gov.np/egp***
2. ***Amargadhi Municipality, Dadeldhura*** reserves the right to accept or reject any bid and to annual the process and reject all bids at any time prior to contract award.

**Chief Administration Officer**

# खेलकुद विकास ऐन राष्ट्रपतिबाट प्रमाणित

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ असार

खेलकुद विकाससमन्धी कानुन कार्यान्वयनमा आएको छ। राष्ट्रपति विद्यादेवी भण्डारीले विहीबार खेलकुद विकाससम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक प्रमाणित गरेकी हुन् । गत वर्ष राष्ट्रिय सभामा उत्पत्ति भएको विधेयक प्रतिनिधि सभा हुँदै केही समय पहिला राष्ट्रिय सभाबाट पारित भएर प्रमाणीकरणका लागि राष्ट्रपति कार्यालय पुगेको थियो ।



राष्ट्रपति भण्डारीले संघीय संसद्को दुवै सदनको बैठकबाट पारित भई प्रमाणीकरणका लागि पेश भएको खेलकुद विधेयक नेपालको संविधानको धारा ११३ को उपधारा २ बमोजिम प्रमाणीकरण गरेकी हुन्।

योसँगै खेलकुद विकास ऐन २०४८ विस्थापन भएको छ। भने नयाँ ऐनले नेपाली खेलकुदमा आमूल परिवर्तन गर्ने विश्वास लिइएको छ।

खेलकूद विकाससम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक संगै शिक्षासम्बन्धी केही नेपाल ऐन संशोधन गर्न विधेयक एवं रेडियोधर्मी पदार्थको उपयोग तथा नियमन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक रहेको राष्ट्रपतिको कार्यालयले जनाएको छ।

# साग पदकधारी र प्रशिक्षकहरु सम्मानित



**काठमाडौं, मस**-नेपालमा आयोजना भएको १३ औं दक्षिण एशियाली खेलकुदमा पदक प्राप्त गर्ने खेलाडी तथा प्रशिक्षकहरुलाई गोदावरी नगरपालिकाले नगद सहित सम्मान गरेको छ ।

नगरपालिकाले आफ्नो नगरसभाको अवसर पारेर सागमा बिजयी खेलाडी तथा प्रशिक्षकहरुलाई मेयर गजेन्द्र महर्जनले सम्मान गरेका हुन् ।

सम्मानित हुने खेलाडीमा वडा नं. ५ का निकेश श्रेष्ठ रहेका छन् । उनले नगद १ लाख प्राप्त गरे । यस्तै प्रशिक्षकहरु वडा नं. ११ का कुमिते प्रशिक्षक दीपक श्रेष्ठ र वडा नं. १२ का काता प्रशिक्षक गंगाराम महर्जनले जनही नगद २ लाख सहित सम्मानित भए ।

१३ औं सागमा नेपालले उसु तर्फ ५ स्वर्ण र करातेमा १० स्वर्ण पदक प्राप्त गरेको थियो ।

# 'फुटसल खुलाउनु पऱ्यो'



**काठमाडौं, मस** नेपाल फुटसल ब्यवसायी संघले आफूहरुको व्यवसाय सञ्चालनको वातावरण मिलाईदिन आग्रह गरेका छन् । कोरोना भाइरसको महामारीका कारण आफूहरु आर्थिक संकटमा परेको भन्दै जिल्ला प्रशासन कार्यालयमा ज्ञापन पत्र बुझाएका हुन्। राज महर्जन अध्यक्ष तथा मदन कोइराला महासचिव रहेको फुटसल ब्यवसायी संघले अहिलेकै अवस्था रहे कर्मचारीलाई पनि तलव खुवाउन नसकिने ज्ञापन पत्रमा उल्लेख गरिएको छ। उनीहरुले लकडाउन खुकुलो भएकाले स्वास्थ्य मापदण्ड पुरा गरेर फुटसल सञ्चालन गर्ने पनि बताएका छन्। सरकारले अनुमति दिए फुटसल मैदानमा १० जना भन्दा बढीलाई प्रवेश गर्न पनि नदिइएने प्रतिबद्धता जनाइएको छ।

# बर्लिन म्याराथन स्थगित



**काठमाडौं, एजेन्सी**-विश्वको पुरानो म्याराथनमध्ये एक बर्लिन म्याराथन यस वर्ष नहुने भएको छ।

सेप्टेम्बर २६ र २७ दुई दिनसम्मका लागी तय गरिएको यस वर्षको बर्लिन म्याराथन कोरोना कहरका कारण रद्द गरिएको छ । सन् १९७४ मा पहिलोपटक आयोजना गरिएको बर्लिन म्याराथन पहिलोपटक रद्द गरिएको हो । म्याराथन आयोजकले यस वर्ष अर्को उपयुक्त नयाँ समय तोक्न अप्ठेरो भएकोले म्याराथन रद्द गरेको बताएको छ ।

म्याराथन आयोजकले सहभागिताका निम्ति दर्ता गरिसकेका खेलाडीहरुले अर्को वर्षका लागि नाम दर्ता गराउन मिल्ने अथवा दर्ता शुल्क फिर्ता लिन चाहनेले फिर्ता पाउने समेत बताएको छ ।

यसअघि सबैभन्दा ठूलो म्याराथन मानिने न्युयोर्क म्याराथन समेत रद्द भईसकेको छ ।

# अस्ट्रेलियाको क्वान्टासले ६ हजार कर्मचारी, कामदार हटाउने

**सिड्नी, एजेन्सी**-अस्ट्रेलियाको राष्ट्रिय ध्वजाबाहक क्वान्टास एयरले कोरोनाभाइरस महामारीका कारण उत्पन्न सङ्कट जनाउँदै आफ्ना छ हजार कर्मचारी हटाउने निर्णय गरेको छ। कम्पनीले पर्यटन क्षेत्रमा आएको मन्दीसँगै १०० वटा बिमान पनि सञ्चालन नगर्ने र यसबाट करिब १० अर्ब अमेरिकी डलर बचत गर्ने योजना सार्वजनिक गरेको छ । कम्पनीका प्रमुख कार्यकारी अलान जोएसले कम्पनीको इतिहासमै यस वर्ष सबैभन्दा ठूलो सङ्कटको सामना गर्नु परेको बताउनुभएको छ। उहाँले कम्पनीका आधाभन्दा बढी कर्मचारी अर्थात् करिब २३ हजार कर्मचारीलाई पनि विदामा बस्न भनिएको जानकारी दिनुभयो।

कोरोना महामारीका कारण क्वान्टासले आफ्ना सबैजसो अन्तरराष्ट्रिय उडान कम्तीमा आगामी अक्टोबरसम्मका लागि रद्द गरेको जनाएको छ। कम्पनीले घरेलु उडान पनि सीमित मात्र गरिएको बताएको छ। अस्ट्रेलियाका अधिकाँश शहरमा कोरोनाभाइरस प्रसार नियन्त्रणमा आएसँगै घरेलु उडानको संख्या बढ्न थालेका छन् । तर अन्तरराष्ट्रिय सीमामा हुने कडाई अर्को वर्षसम्म जारी रहने सम्भावना रहेकाले सबै अन्तरराष्ट्रिय उडान प्रभावित हुने देखिएको छ । अस्ट्रेलियाको दोस्रो ठूलो शहर मेलबोर्नमा एकाएक कोरोनाभाइरस देखिएसँगै यसको प्रभाव सहजै अन्त्य हुन नसक्ने दृष्टान्त देखाएको छ। क्वान्टासका कार्यकारी जोएसले आगामी केही वर्षसम्म कम्पनीको राजश्वमा ठूलै कमी आउने बताउँदै आफ्नो कम्पनी केही समय सानो विमान सेवाका रुपमा खुम्चिने सम्भावना रहेको छ, भने।

# असान्जमाथिको अभियोग बढाइँदै

**वासिङ्टन, एएफपी**-अमेरिकी न्याय विभागले विकिलिक्सका संस्थापक जुलियन असान्जले ह्याकर्स नियुक्त गरी अमेरिकी संवेदनशील कम्प्युटर प्रणालीभित्र सम्पर्क कायम गरेको प्रमाण आफूसँग भएको नयाँ अभियोग लगाएको छ। असान्जमाथि यसअघि नै अमेरिकाले १८ वटा अभियोग लगाइसकेको छ र पछिल्लो अभियोग अतिरिक्त अभियोग नभए पनि यसअघिका मुद्दालाई थप बल पुऱ्याउनेतर्फ केन्द्रित छ ।

न्याय विभागले अद्यावधिक गरेको अभियोगमा असान्जले लल्जसेक र एनोनिमस ह्याकर समूहका मानिसलाई अमेरिकी गुप्तचर सामग्रीमा सम्पर्क स्थापित गर्न प्रयोग गरेको उल्लेख छ । विभागले जारी गरेको वक्तव्यमा विकिलिक्सले एउटा नेटो मुलुकको सरकारी कम्प्युटर प्रणालीमा अनधिकृत पहुँच हासिल गरेको उल्लेख छ ।

असान्जमाथि अफगानिस्तान र इराकमा अमेरिकी सैन्य कारबाहीका गोप्य दस्ताबेज सन् २०१० मा सार्वजनिक गरेको आरोप छ ।


## शिक्षक चाहियो

**कोरियन भाषा पढाउन सक्ने कम्तिमा ३ (तीन) वर्षको अनुभव भएको, स्वदेशी वा विदेशी व्यक्तिले सम्पर्क राख्नु होला ।**

**स्वदेशीलाई प्राथमिकता दिइनेछ ।**

**सम्पर्क मिति २०७७ असार १९ गते**

**सम्पर्क ठेगाना :**

**सेजुङ एजुकेशन इष्टिच्युट प्रा.लि.**

**कीर्तिपुर, काठमाडौं, फोन :९८६१७४७१०३, ९८४१४४९३०२**


**श्री अरुणोदय माध्यमिक विद्यालय, राताटार**
**दुधौली नगरपालिका-०४, सिन्धुली**

## शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७७/०३/११

यस विद्यालयलाई ICT Lab निर्माण गर्नको लागि तपशिल बमोजिमको सामग्रीहरु खरिद गर्नलाई इच्छुक फर्म/कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र (२०७७/०३/२६ गते दिउसो १२ बजे भित्र) आफ्नो फर्म दर्ता र कर चुक्तासहितको प्रमाण पत्र साथ शिलबन्दी कोटेशन पेश गर्नु हुन तथा विस्तृत स्पेसिफिकेसनको लागि विद्यालयमा सम्पर्क राख्नुहुन अनुरोध छ।

**सामानको विवरण**:

| S.N. | Particulars | Quantity |
|---|---|---|
| 1. | Desktop Computer | 8 Pcs |
| 2. | Laptop | 1 Pc |
| 3. | Projector | 1 Pc |
| 4. | Smart Board | 1 Pc |
| 5. | Printer (Colour) | 1 Pc |
| 6. | Multimedia Speaker | 2 Pcs |

**थप जानकारीको लागि**: श्री अरुणोदय माध्यमिक विद्यालय, राताटार, दुधौलीनपा-०४, सिन्धुली, सम्पर्क नं ९८४४५२३३३९

## मोटरसाइकल हराएको सूचना

मिति २०७६/१२/०६ गते साँझ करीब ७:३० बजेको समयमा काठमाडौं महानगरपालिका वडा नं. ८, गोठाटार कृष्ण मन्दिरबाट प्रदेश नं. ३-०२-०१४ प ८५२९ नम्बरको पल्सर मोटरसाईकल हराएकोले फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क गरी बुझाई दिनु हुन अनुरोध गर्दछु।

**सवारी धनी : विष्णु तामाङ**
**च्यासिस नं**: MD2A13EYXKLH92254
**इन्जीन नं** : DKYCKH99782
**सम्पर्क : ९८०३८५३४७५, ०१-५९०६२६०**

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०७७/०३/१२

यस कम्पनीको मिति २०७४/०२/२३ मा सम्पन्न वार्षिक साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **सुमन ह्युमन रिसोर्सज कन्सल्ट्याण्टस् नेपाल प्रा.लि. (प्रा.लि.नं. ५८२४४)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७४/०७/०१ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **स्वीफ्ट एच.आर.ग्रुप एण्ड म्यानेजमेन्ट सर्भिस प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ।

**चौकुने गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**गुटु, सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रथम पटक प्रकाशित मिति: २०७७/०३/१२)

यस कार्यालयले देहायका योजनाहरु निर्माण गर्नको लागि मिति २०७७।०२।०१ गते श्री मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वान सम्वन्धि सूचना बमोजिम ५न्ए र हार्डकपी पेश भएका बोलपत्रहरु न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतीको लागि सिफारिस भई आएकोमा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को प्रयोजनार्थ बोलपत्र पेश गर्ने सम्बद्ध सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | बोलपत्रको नाम र प्याकेज नम्बर | बोलपत्रदाताको नाम | कवोल अंक (भ्याट र पि.एस. सहित) |
|---|---|---|---|
| 1 | Construction of Community Health Unit Building at Chaukune-09 NCB/WORKS/13/076/77 | Nagbansi Construction Badragoriya-01, Kailali | 2972034.89 |
| 2 | Construction of Community Health Unit Building at Chaukune-07 NCB/WORKS/14/076/77 | Nagbansi Construction Badragoriya-01, Kailali | 3017905.50 |
| 3 | Construction of Community Health Unit Building at Chaukune-06 NCB/WORKS/15/076/77 | Nagbansi Construction Badragoriya-01, Kailali | 3273205.17 |
| 4 | Construction of Community Health Unit Building at Chaukune-05 NCB/WORKS/16/076/77 | Nagbansi Construction Badragoriya-01, Kailali | 3246602.66 |
| 5 | Construction of Community Health Unit Building at Chaukune-01 NCB/WORKS/17/076/77 | Nagbansi Construction Badragoriya-01, Kailali | 2957328.57 |

**प्रमुख प्रशासकीय अधिकृत**

**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**सडक डिभिजन जनकपुर, धनुषा**

## आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

(पत्रिकामा प्रकाशित मिति २०७७/०३/१२)

यस डिभिजनको तपसिलका ठेक्का न. अन्तर्गत दाखिला र दर्ता हुन आएका बोलपत्रहरुमध्ये सारभूतरुपमा प्रभावग्राही तपसिल बमोजिमका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव छनौट भएकोले सार्बजनिक खरिद निमयावली २०६४ (संशोधन सहित) को नियम ३१ (ङ) ५ बमोजिम मुल्यांकन प्रयोजनार्थ आर्थिक प्रस्ताव खोल्न सम्बन्धित बोलपत्रदाताहरुलाई उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**:

आर्थिक प्रस्ताव खोल्ने स्थान: सडक डिभिजन जनकपुर, मिति: २०७७।०३।१९ र समय: विहान ११:०० बजे

| सि.नं. | ठेक्का नं. | प्राबिधिक प्रस्तावमा सारभूतरूपमा प्रभावग्राही बोलपत्रदाताहरूको नाम, ठेगाना |
|---|---|---|
| 1 | RDJKR/3370114 3/076-77/87 | (1) Kamal Nirman Sewa Pvt. Ltd. (2) Shankar Trishakti-Laxman Rekha-Niagara J.V.,Janakpur (3) Roshan Construction Pvt.Ltd. (4) Bikash & Brothers Construction Pvt. Ltd., Janakpur-1 (5) Jaya Dhanajaya/Rabbani J/V,Jaleshwor-11,Mahottari(6) World wide-Sugam JV |
| 2 | RDJKR/3370114 3/076-77/88 | (1) Roshan Construction Pvt.Ltd. (2)Kamal Nirman Sewa Pvt. Ltd. |
| 3 | RDJKR/3370114 3/076-77/89 | (1) Kamal Nirman Sewa Pvt. Ltd. (2) Shankar Trishakti-Laxman Rekha-Niagara J.V.,Janakpur (3) Roshan Construction Pvt.Ltd. (4) Bikash & Brothers Construction Pvt. Ltd., Janakpur-1 (5) Kashyap Nirman Sewa & Suppliers Pvt. LTD., Kalanki-14, (6) World wide-Sugam JV |
| 4 | RDJKR/3370114 3/076-77/91 | (1) Kamal Nirman sewa (2) Roshan Construction Pvt. Ltd. (3) Puspanjali Construction Pvt. Ltd. (4) Khani/Mission J.V. (5) Worldwide/Sugam J.V., Janakpur-09 |
| 5 | RDJKR/3370114 3/076-77/92 | (1) Kamal Nirman sewa (2) Roshan Construction Pvt. Ltd. (3) Puspanjali Construction Pvt. Ltd. (4) Bikash & Brothers Construction Pvt. Ltd. (5) Sugam/Shah & Sons J.V., Janakpur-09 |
| 6 | RDJKR/3370114 3/076-77/93 | (1) Kamal Nirman sewa, Janakpur (2) Khani/Mission J.V (3) Worldwide/Sugam J.V., Janakpur-09. (4) Bikash & Brothers Construction Pvt. Ltd., Janakpur (5) Roshan Construction Pvt. Ltd., Janakpur |
| 7 | RDJKR/3370114 3/076-77/94 | (1) Kamal Nirman sewa (2) Roshan Construction Pvt. Ltd. (3) Sugam Nirman Sewa, Janakpur (4) Puspanjali Construction Pvt. Ltd. (5) Kashyap Nirman Sewa & Suppliers Pvt. LTD., Kathmandu (6) Rabi/Sidhhagadhi J.V., Ktm (7) SAP Construction Pvt. Ltd. |
| 8 | RDJKR/3370114 3/076-77/95 | (1) Kamal Nirman sewa (2) Roshan Construction Pvt. Ltd. (3) Sugam Nirman Sewa, Janakpur (4) Puspanjali Construction Pvt. Ltd. (5) Kashyap Nirman Sewa & Suppliers Pvt. LTD., Kathmandu (6) Rabi/Sidhhagadhi J.V., Ktm (7) SAP Construction Pvt. Ltd. |
| 9 | RDJKR/3370114 3/076-77/96 | (1) Kamal Nirman sewa (2) Roshan Construction Pvt. Ltd. (3) Worldwide/Sugam J.V., Janakpur (4) Puspanjali Construction Pvt. Ltd. (5) Bikash & Brothers Construction Pvt. Ltd. (6) Kashyap /R.K. J.V., Manpur-03, Sarlahi (7) Rabi/Sidhhagadhi J.V., Kathmandu |
| 10 | RDJKR/3370114 3/076-77/97 | (1) Kamal Nirman sewa (2) Roshan Construction Pvt. Ltd. (3) Worldwide/Sugam J.V., Janakpur (4) Rabi/Sidhhagadhi J.V., (5) Bikash & Brothers Construction Pvt. Ltd. (6) Khani/Mission J.V. |
| 11 | RDJKR/3370114 3/076-77/99 | (1) Roshan Construction Pvt. Ltd.,Janakpur (2) Worldwide/Sugam J.V., Janakpur-09 (3) Bikash & Brothers Construction Pvt. Ltd., Janakpur (4) Ram Janaki Nirman Sewa,Janakpur-10 (5) Jaya Dhanajaya/Rabbani J/V, Jaleshwor-11, Mahottari |
| 12 | RDJKR/3370114 3/076-77/100 | (1) Kamal Nirman sewa (2) Roshan Construction Pvt. Ltd. (3) Worldwide/Sugam J.V., Janakpur-09 (4) Bikash & Brothers Construction Pvt. Ltd. |
| 13 | RDJKR/3370114 3/076-77/101 | (1) Kamal Nirman sewa (2) Roshan Construction Pvt. Ltd. (3) Worldwide/Sugam J.V., Janakpur-09 (4) Bikash & Brothers Construction Pvt. Ltd. |

**डिभिजन प्रमुख**

# दुग्धजन्य पदार्थको मूल्यमा छुट

**समुन्द्रा घिमिरे/रासस**
काठमाडौं, ११ असार




बन्दाबन्दीका कारण दूध तथा दुग्धजन्य पदार्थको बिक्रीमा कमी आउँदा मौज्दातमा वृद्धि भएकाले सरकारको स्वामित्व रहेको दुग्ध विकास संथान (डिडिसी) ले घ्यु, नौनी र धुलो दूधको मूल्य घटाएको छ। यही असार ३ गतेदेखि घ्युमा प्रतिलिटर रु २०, नौनीमा रु ८० र धुलो दूधमा रु १० छुट दिइएको छ।

घ्युको खुद्रा मूल्यसँगै थोक मूल्यमा एकदेखि पाँच प्रतिशतसम्म छुट दिइएको डिडिसीका महानिर्देशक रुद्रप्रसाद पौडेलले जानकारी दिए। उनका अनुसार थोक मूल्य प्रतिलिटर रु ८३० का दरमा तीन सयदेखि पाँच सय लिटर घ्यु किन्दा एक प्रतिशत छुट दिइएको छ। यसैगरी पाँचदेखि एक हजार लिटरमा दुई, एक हजारदेखि तीन हजारसम्म चार, तीन हजारदेखि पाँच हजारसम्म चार र पाँच हजार लिटरदेखि माथि घ्यु किन्दा पाँच प्रतिशतसम्म छुट दिइएको छ।

रु बीस छुट डिडिसीका बिक्री केन्द्र लैनचौर, खुमलटार, नयाँ सडक तथा आयोजना केन्द्रबाट खरीद गर्दा मात्र पाइने जनाइएको छ। एक हजार लिटरभन्दा बढी नौनी खरीद गर्नेलाई रु ८० र धुलो दुध खरीद गर्नेलाई रु १० छुट दिइएको डिडिसीका अर्थविज्ञ अज्जन अधिकारीले जानकारी दिए। उनका अनुसार यसअघि नौनी प्रतिलिटर रु ७८० र धुलो दूध प्रतिलिटर रु छ सय थियो। डिडिसीका आयोजना केन्द्र लौनचौर, बालाजु, विराटनगर, जनकपुर, ढल्केबर, हेटौडा, बुटवल, कोहलपुर, अत्तरिया र कैलालीबाट नौनी र धुलो दूध खरीद गर्दा मात्र छुट हुनेछ। यसैगरी नेपाली सेनालाई बिक्री गरिने होलमिल्क (घ्युसहितको दूध) एक हजारभन्दा बढी खरीदमा रु १० छुट दिइएको छ। यसअघि थोकमूल्य रु ७५० थियो। असार ३ गतेअघि बट्टाको घ्यु प्रतिलिटर रु ९२० तथा प्याकेटमा राखिएको घ्यु प्रतिलिटर रु नौ सयमा बिक्री गरिएको थियो। बन्दाबन्दी केही खुकुलो भएसँगै दूध तथा दुग्धजन्य पदार्थको बिक्रीमा क्रमिक रुपमा सुधार हुँदै आएको महानिर्देशक पौडेलले जानकारी दिए। डिडिसीको तथ्यांकानुसार बन्दाबन्दी समयभन्दा हाल चार प्रतिशतले दूध खपतमा वृद्धि भएको तथा अन्य पदार्थको खपतमा कमी आएको छ।

बन्दाबन्दीअघिको तुलनामा काठमाडौं उपत्यकामा मात्र दैनिक १२ प्रतिशत दूध खपतमा कमी आएको जनाइएको छ। उनका अनुसार बन्दाबन्दीअघि काठमाडौं उपत्यकामा मात्र दैनिक ८७ हजार लिटर दूध बिक्री हुँदै आएकामा आज ७६ हजार लिटर बिक्री भएको छ। दूधसँगै दही खपतमा ४० प्रतिशतले कमी आएको जनाइएको छ। बन्दाबन्दी समयमा नियमित रुपमा कृषकबाट दूध सङ्कलन भए तापनि समस्या भएकाले डेरी सञ्चालकले दुई महिनादेखि भुक्तानी रोकेका छन्। सामान्यतया १५/१५ दिनमा भुक्तानी हुँदै आए पनि डेढ महिनादेखि भुक्तानी नभएको महानिर्देशक पौडेलले जानकारी दिए। "एक महिनाको भुक्तानी बाँकी हुनुपर्ने हो तर खपतमा कमी हुँदा डेढ महिनाको रु ३० करोड भुक्तानी रोकियो, जति छिटो बिक्री हुन्छ त्यति छिटो भुक्तानी गरिनेछ", उनले भने, "सम्भवतः १५ दिनको भुक्तानी दुईतीन दिन भित्र गरिनेछ।"

बन्दाबन्दीका कारण दुग्धजन्य पदार्थको मौज्दातमा वृद्धि हुँदा कृषकलाई भुक्तानीमा समस्या भएको नेपाल डेरी एशोसिएशनका महासचिव प्रल्हाद दाहालले जानकारी दिए। उनका अनुसार दुई महिनाको रु ७० करोड भुक्तानी बाँकी छ। डिडिसी र निजी क्षेत्रबाट गरी रु एक करोड भुक्तानी बाँकी छ। पछिल्लो समय ४० देखि ४५ प्रतिशतसम्म दूध तथा दुग्धजन्य पदार्थको खपतमा वृद्धि भएको तथा रु पाँच अर्ब बराबरको मौज्दात सामग्री रहेको दाहालले जानकारी दिए।


# मौद्रिक नीतिले पूर्वाधार क्षेत्रका समस्या समाधान गनुपर्ने सरोकारवालाको जोड

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ असार



विश्वव्यापी महामारीका रुपमा देखा परेको कोभिड-१९ का कारण समस्यामा परेको भौतिक पूर्वाधारका क्षेत्रलाई पुनः जीवन दिने गरी आगामी आर्थिक वर्षको मौद्रिक नीति ल्याउनुपर्नेमा सरोकारवालाले जोड दिएका छन्। नेपाल आर्थिक पत्रकार समाज (सेजन)ले आज आयोजना गरेको 'भर्चुअल' छलफलमा सहभागीले सरल व्याजदर, पुनःकर्जाको व्यवस्था र केही नीतिगत सुधार गरी कोरोनाका कारण समस्यामा परेका पूर्वाधार क्षेत्रमा नयाँ जीवन दिन सकिने बताए। उनीहरुले एकै स्वरमा भने, 'समस्यामा परेको बेला नै हो राज्यले नीतिगत रुपमा प्रभावकारी सुधार गर्ने, केही विषय बजेटमा सम्बोधन भए पनि छुटेका विषयलाई भने मौद्रिक नीतिले समेट्नुपर्छ।' स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था (इपान) का महासचिव आशिष गर्गले मुलुकको समृद्धिको आधारका रुपमा ऊर्जा रहेकाले मौद्रिक नीतिमार्फत ऊर्जा क्षेत्रमा देखिएको समस्यालाई सम्बोधन गरिनुपर्नेमा जोड दिए। पुनःकर्जा कोषको दायरालाई बढाउनुपर्नेमा जोड दिँदै उनले मौद्रिक नीतिले स्थिर व्याजदरका विषयमा बैंक तथा वित्तीय संस्थालाई स्पष्ट निर्देशन दिनुपर्ने बताए। जलविद्युत्को क्षेत्रमा वैदेशिक लगानी शून्य रहेको अवस्थामा आगामी आवको मौद्रिक नीतिले वैदेशिक लगानी भित्र्याउन सहजीकरण गर्नुपर्ने उनले बताए। पूर्वऊर्जा तथा अर्थसचिव सुमनप्रसाद शर्माले मौद्रिक नीतिमा समेटिएका प्रावधानले ऊर्जा क्षेत्रलाई प्रभावित बनाउने उल्लेख गर्दै जलविद्युत्मा हुने लगानीको व्याजदर पुनरावलोकन गरिनुपर्ने बताए। उनले रुग्ण परियोजनालाई वित्तीय स्रोत सुनिश्चित गर्ने विषयलाई मौद्रिक नीतिमा समेट्न सुझाव दिए। 'वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको सीपलाई जलविद्युत्को क्षेत्रमा प्रयोग बढाउनुपर्छ', उनले भने। विद्युत्को खपत बढाउने उद्योगलाई प्रोत्साहन गर्नुपर्नेमा जोड दिँदै उनले मौद्रिक नीतिमा ती विषय समेटिनुपर्ने बताए। हेजिङ फण्ड र क्रेडिट रेटिङको तत्काल व्यवस्था गर्नुपर्नेमा जोड दिँदै उनले वैदेशिक लगानी भित्र्याउन थप सहजीकरण गरिनुपर्ने बताए। विश्वव्यापी महामारीसँगै संसारभर पूँजीको माग हुने देखिएको उल्लेख गर्दै उनले वैदेशिक लगानी भित्र्याउन नेपालले थप प्रयत्न गर्नुपर्ने बताए। वैदेशिक लगानी भित्र्याउन देखिएको व्यवधान हटाउन मौद्रिक नीतिले मात्रै नसक्ने बताउँदै उनले यसलाई अर्थ नीतिमार्फत नै सम्बोधन गरिनुपर्नेमा जोड दिए। 'नेपालको क्रेडिट रेटिङ हुनुपर्‍यो, लगानीकर्ता विश्वस्त हुने वातावरण बनाउनुपर्छ', उनले भने, 'प्रतिफल लैजाने व्यवस्थालाई सहज बनाइनुपर्छ।' नेपाल निर्माण व्यवसायी महासङ्घका अध्यक्ष रवि सिंहले कृषि पछिको रोजगारी दिने क्षेत्र पूर्वाधार भएको र पूर्वाधार क्षेत्रमा १५ लाखले रोजगारी पाएको बताए। कोभिड-१९ का कारण निर्माणको काम सहज ढङ्गबाट अगाडि बढ्न नसकेको उनको भनाइ छ। 'कोभिड-१९का कारण अधिकांश भारतीय मजदुर फर्केका छन्, उनीहरु फर्केर आउने सम्भावना कम छ, वैदेशिक रोजगारीबाट फर्केका लगायत अन्य पेशाबाट विस्थापित भएका श्रमिकलाई पूर्वाधार क्षेत्रमा काम लगाउने व्यवस्था मौद्रिक नीतिले व्यवस्था गरिदिनुपर्छ', उनले भने। विकास बजेटको ८० प्रतिशत बढी सीमित निर्माण व्यवसायीले ओगटेर राखेको उल्लेख गर्दै उनले बढीभन्दा बढी व्यवसायीले काम पाउने व्यवस्था मिलाउन सरकारसँग आग्रह गर्नुभयो। 'पूर्वाधारका क्षेत्रमा रोजगारीमा आउन चाहनेलाई सरकारले पुलको काम गरिदिनुपर्छ', उनले भने, 'अहिले उपयुक्त अवसर छ, जो जहाँ हुनुहुन्छ त्यहीँ रोजगारी सिर्जना गर्न स्थानीयस्तरमा रु पाँच करोडसम्मको काम स्थानीयस्तरमै गर्ने व्यवस्था गर्न सरकारलाई सुझाव दिएका छौं।'सन् २०३० सम्म नेपाललाई मध्यम आय भएका मुलुकका रुपमा विकास गर्ने लक्ष्य लिँइरहँदा पूर्वाधार क्षेत्रलाई बलियो बनाउनुपर्नेमा उनले जोड दिए। विगतमा निजी र सरकारी क्षेत्र मिलेर रु आठ खर्बको काम गरेका थियौं, अहिले जम्मा रु तीन खर्ब हाराहारी खर्च हुने देखिएको छ', उनले भने, 'पूर्वाधार क्षेत्रमा काम गर्ने वातावरण बनाइदिनुपर्छ, व्यवसायीलाई हेर्ने दृष्टिकोण परिवर्तन हुनुपर्छ।'ऊर्जा उद्यमी ज्ञानेन्द्रलाल प्रधानले ऊर्जालाई अधिकतम खपत गर्ने नीति ल्याउनुपर्नेमा जोड दिँदै मौद्रिक नीतिमा पाँच प्रतिशत व्याजमा अनुदान दिने, चिनियाँ र भारतीय मुद्रामा लगानी गर्न आउनेलाई सोही मुद्रामा विद्युत् खरिद सम्झौता (पीपीए) गर्न दिनुपर्ने बताए। नेपाली मूल्यमा पीपीए गरेमा विदेशी लगानी नभित्रिने जिकिर गर्दै उनले जतिसक्दो चाँडो हेजिङ फण्डको व्यवस्था गर्न आग्रह गर्नुभयो। 'उत्पादनलाई प्रोत्साहन गर्ने मौद्रिक नीति चाहियो', उनले भने, 'विदेशी लगानी भित्र्याउन मौद्रिक नीतिले सहजीकरण गरिदिनुपर्छ।' कम्प्युटर एसोसिएशन अफ नेपाल (क्यान) महासङ्घका पूर्वउपाध्यक्ष सुनैना घिमिरे पाण्डेले इन्टरनेटलाई आधारभूत आवश्यकताका रुपमा लिइनुपर्नेमा जोड दिँदै इन्टर नेटमा लाग्ने कर मिनाहा गरिनुपर्ने बताए। 'दक्षिण एसियाली मुलुकमा नेपालमा सबैभन्दा बढी रोयल्टी लिइन्छ, मूल्य अभिवृद्धि कर, इन्टरनेट तार खरिदमा थप महसुल लिइन्छ', उनले भने, 'भन्सार तथा कर छुट दिएर इन्टरनेटलाई सुलभ बनाइनुपर्छ।' 'साइबर सुरक्षाका विषयमा मौद्रिक नीतिमा व्यवस्था गरिनुपर्छ, इन्टरनेट पूर्वाधारमा लगानी बढाउनुपर्छ', उनले भने, 'सूचना प्रविधिका क्षेत्रमा वैदेशिक लगानी भित्र्याउन अधिकार सम्पन्न संयन्त्रको निर्माण गरिनुपर्छ।'

# डिएपी मलको अभाव छैन



**विराटनगर/मस**-पूर्व क्षेत्रमा किसानलाई वर्षे धानबाली लगाउन प्रारम्भमा चाहिने रासायनिक मल डिएपीको अभाव नरहेको बताइएको छ। प्रदेश नं १ का १४ जिल्ला तथा प्रदेश नं २ का सिरहा र सप्तरीका किसानलाई साल्ट ट्रेडिङ लि र कृषि सामग्री संस्थान कार्यालय विराटनगरले उपलब्ध गराउँदै आएको रासायनिक मलमध्ये साल्ट ट्रेडिङ कार्यालय विराटनगरमा अहिले १९ हजार ८२० बोरा डिएपी मौज्दात रहेको कार्यालय प्रमुख राधेश्याम चौधरीले जानकारी दिए। उनका अनुसार किसानले मागे जति डिएपी मल उपलब्ध गराइएको छ। केही दिनभित्र थप एक लाख बोरा डिएपी आउने भएकाले किसानलाई यो मलको अभाव हुँदैन। डिएपी मल किसानले धान रोप्ने समयमा खेत तयार गर्दा हाल्ने मल हो। यसको प्रतिबोरा मूल्य रु दुई हजार १५० निर्धारण गरिएको भए पनि किसानले केही छुट हुने व्यवस्था पनि गरिएको छ।

यसैगरी किसानलाई आवश्यक पर्ने एसएसपी मल पनि १२ हजार ३०४ बोरा मौज्दात रहेको प्रमुख चौधरीले बताए रासायनिक मल उपलब्ध गराउने कृषि सामग्री संस्थान विराटनगरमा डिएपी मल १७९ मेट्रिक टन, पोटास १४२ मेट्रिक टन र कृषि चुन तीन दशमलव ६५० मेट्रिक टन मौज्दात रहेको बताइएको छ।

संस्थानका कर्मचारी नवरत्न सुवेदीले कार्यालयका लागि दुई हजार ५०० मेट्रिक टन डिएपी केही दिनभित्र प्राप्त हुने र थप दुई हजार मेट्रिक टन आउने भएकाले किसानलाई अभाव नहुने जानकारी दिए। कार्यालयले पूर्व क्षेत्रमा मोरङको विराटनगर, इलाम, झापाको बिर्तामोड, धनकुटा, सुनसरीको इटहरी, सप्तरीको राजविराज, सिरहाको लहान र उदयपुरको गाईघाट कार्यालयबाट सेवा प्रदान गर्दै आएको छ। यस्तै कृषि सामग्री संस्थान विराटनगरमा मलखाद भण्डारण गर्ने दुई ठूला गोदाम वर्षात्का कारणले पानी प्रवेश गरी नष्ट हुने भएकाले स्तरोन्नति गर्ने काम तीव्र गतिमा भइरहेको छ। धरान -विराटनगरको छ लेनको सडक निर्माण भइरहेको र साविकमा निर्माण भएको गोदाम सडकभन्दा गहिरो पर्न गएकाले चौरमा पानी जम्ने समस्या पनि निर्माण सम्पन्न भएपछि समाधान हुने जनाइएको छ। अहिले दुवै कार्यालयमा युरिया मल छैन। बाली लगाइएको केही समयपछि मात्र किसानले धानबालीमा युरिया मल हाल्ने भएकाले यसको पनि अभाव नहुने बताइएको छ।

# बुद्ध एयरको अभ्यास उडान



**काठमाडौं/मस**- कोरोना भाइरस संक्रमणको जोखिमका कारण बन्द हवाई उडान सञ्चालन हुनुपूर्व बुद्ध एयरले अभ्यास गरेको छ। सरकारले उडान प्रोटोकल बनाएर हवाई सेवा सञ्चालनको तयारी गरेसँगै बुद्धले उडानपूर्व बिहीबार अभ्यास गरेको हो। उडान शुरु भएपछि कुनै संक्रमित यात्रु जहाजमा भएको अवस्थामा अरुलाई संक्रमण फैलिनबाट राक्ने सकियोस भनेर अभ्यास परीक्षण भएको बुद्ध एयरका प्रबन्ध निर्देशक विरेन्द्रबहादुर बस्नेतले बताए। प्रोटोकलअनुसारको तालिम दिएर अभ्यास थालिएको उनले बताए। आन्तरिक उडान करिब ४० दिनपछि सुरु हुने भएपनि अभ्यास निरन्तर जारी रहने उनको भनाइ छ। बुद्धले नियमित उडान शुरु भएपछि आवश्यकता अनुसार यात्रुलाई स्यानिटाइजर र मास्क दिने व्यवस्था पनि गरेको उनले बताए। यात्रुलाई कम्पनीले नै भाइजर दिनेछ। तर, भाइजरको लागत मूल्य ५५ रुपैयाँ भने यात्रुबाट लिने उनले बताए। हरेक उडानपछि जहाज डिसइन्फेक्सन हुने उनको भनाइ छ।

# एनआईसी एशिया लघुवित्तको आईपीओमा लगानीकर्ताको आकर्षण

**काठमाडौं/मस**-एनआईसी एशिया लघुवित्तको आईपीओमा लगानीकर्ताको आकर्षण बढ्दो क्रममा रहेको छ। पहिलो दिनमै मागभन्दा बढी आवेदन परेको संस्थाको सेयरमा दोश्रो दिनमा मागभन्दा साढे दुई गुणा बढी आवेदन परेको छ। सेयर निष्काशत तथा बिक्री प्रबन्धक सानिमा क्यापिटलका अनुसार बिहीबार(दोश्रो दिन) साँझ ५ बजेसम्ममा करिब एक करोड १२ लाख कित्ता सेयरको लागि आवेदन परेको छ। जुन मागभन्दा २.५२ गुणा बढी हो। सो अवधिसम्ममा करिब एक लाख ९९ हजार लगानीकर्ताले सेयरको लागि आवेदन दिएका क्यापिटलले जानकारी दिएको छ। संस्थाले बुधबारदेखि ४४ लाख ४३ हजार २ सय कित्ता सेयर बिक्रीमा राखेको थियो।

# सार्वजनिक यातायात व्यवसायीलाई आफुखुसी यात्रु ओसारपसार नगर्न आग्रह



**काठमाडौं/मस**-नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घलले बन्दाबन्दीको समयमा सार्वजनिक सवारी साधनबाट यात्रु ओसारपसार नगर्न आग्रह गरेको छ।

महासङ्घका महासचिव पुण्यप्रसाद सिटौला (सरोज)ले बुधबार साँझ एक विज्ञप्ति जारी गरी बन्दाबन्दी कायमै रहँदा महासङ्घको नाम जोडेर आफुखुशी सार्वजनिक सवारी साधन सञ्चालन गरेको आफ्नो ध्यानाकर्षण भएको जनाएको छ।

"सार्वजनिक बसमा आफुखुशी यात्रु ओसारपसार गराउने कार्य गैरजिम्मेवार काम हो, यसको महासङ्घले घोर भर्त्सना गर्दछ," जारी विज्ञप्तीमा भनिएको छ। महासङ्घले स्वास्थ्य मापदण्डलाई समेत पालना नगरी सार्वजनिक सवारी साधन सञ्चालन गर्दा कोभिड-१९ को जोखिम हुने भएकाले यस्ता काम नगर्न सरकारलाई समेत अनुरोध गरेको छ।

विज्ञप्तिमा सार्वजनिक सवारी साधनले मनोमानी ढङ्गले यात्रु ओसारपसार गर्दा हुने कोरोनाको संभावित जोखिमको जिम्मेवारी महासङ्घले नलिने समेत जनाइएको छ।

## विज्ञापन रकम भुक्तानीबारे
## अत्यन्त जरुरी सूचना

यस **मध्यान्ह राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका **विज्ञापन एजेन्सी** तथा अन्य **विज्ञापनदाताहरु**ले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम यही **मिति २०७७ असार २५ गते** भित्र भुक्तानी गर्नुहुन पुन सूचित गरिन्छ।
अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **मध्यान्ह राष्ट्रिय दैनिक** को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको सुबिधासमेत उपलब्ध नगराइने तथा रकम भुक्तन नगर्ने कम्पनी/संस्थाहरुको नाम सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून बमोजिम कार्बाही अगाडी बढाइने व्यहोरा समेत यसै सूचनामार्फत जानकारी गराइन्छ।

**लेखा शाखा**

**मध्यान्ह**
Madhyanha National Daily राष्ट्रिय दैनिक
बागबजार, काठमाडौं, फोन नं. : ४२२६३६६, ४२२८२९८
Email: madhyanhadaily59@gmail.com, madhyanhadaily59@yahoo.com

## विज्ञापन रकम भुक्तानीबारे
## अत्यन्त जरुरी सूचना

यस **मध्यान्ह मिडिया प्रा.लि.**मार्फत विभिन्न पत्र पत्रिकामा विज्ञापन प्रकाशन गरी कारोबार गर्दै आउनुभएका **विज्ञापनदाताहरु**ले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम यही **मिति २०७७ असार २५ गते** भित्र भुक्तानी गर्नुहुन पुन सूचित गरिन्छ।
अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **मध्यान्ह मिडिया प्रा.लि.** को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको सुबिधासमेत उपलब्ध नगराइने तथा रकम भुक्तन नगर्ने कम्पनी/संस्थाहरुको नाम सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून बमोजिम कार्बाही समेत अगाडी बढाइने व्यहोरा यसै सूचनामार्फत जानकारी गराइन्छ।

**लेखा शाखा**

**मध्यान्ह मिडिया प्रा.लि.**
बागबजार, काठमाडौं
फोन नं. : ४२२६३६६, ४२२८२९८

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**